# भाग ४

## श्री ५ को सरकार
## गृह मन्त्रालयको

श्री ५ को सरकारले जिल्ला कार्यालय कालिकोटका प्र. जि. अ. श्री रामप्रसाद अरूण काजमा जानुभएकोले सो प्र. जि. अ. पदमा नि. से. नि., २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी सोही कार्यालयका प्रशासकीय अधिकृत श्री नारायणप्रसाद पौडेललाई मिति २०४४।३।१ देखि का.मु. मुकरर गरेको छ ।

आज्ञाले,
केदारनिधि तिवारी
सह-सचिव

## लोक सेवा आयोगको सूचना

खण्ड ३६ मिति २०४३।४।२७ संख्या १८ को नेपाल राजपत्र भाग ४ मा प्रकाशित यस आयोगको सूचना अनुसार उम्मेदवारको उपयुक्तता जाँचने कार्यको लागि २०४४ साल आषाढ मसान्तसम्म कायम रहने गरी अधिकार सुम्पिएकोमा सो म्याद २०४५ साल आषाढ मसान्तसम्म कायम गर्ने आयोगबाट निर्णय भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
भुवनमानसिंह प्रधान
सचिव
लोक सेवा आयोग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

300